निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

काभ्रेपलाञ्चोक

पत्र संख्या: ०७९/८०

चलानी नं: ३१

मितिः२०७९।०५।०१

श्री स्थानीय तह सबै

काभ्रेपलाञ्चोक ।

विषय : निर्वाचन खर्च सम्बन्धी निर्णय कार्यान्वयनमा सहजीकरण गरिदिने वारे।

उपरोक्त सम्बन्धमा निर्वाचन आयोगको प. स. च. न./Ref ६२।०७९।८० ,. मिति २०७९।०५।०१ गतेको पत्रानुसार मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएका व्यक्तिहरुले ( निर्वाचित वा पराजित दुबै ) निर्वाचन आयोग ऐन २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा निर्धारित समय भित्र पेश गर्ने र पेश नगर्ने उम्मदवारहरुको लागि निर्वाचन आयोगबाट निर्णय भए बमोजिम आज मिति २०७९।०५।०१ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित दुइ खालको सुचनाहरु (निर्धारित समयभित्र खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको लागि) र (निर्धारित समयभित्र खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको लागि) साथै निर्धारित समयमा खर्चको विवरण बुझाउने उम्मेदवार तथा खर्चको विवरण नबुझाउने उम्मेदवारहरुको सुची पनि यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। ती सुचनाहरु सुचना पार्टी तथा website मा राखी सोको मुचुल्का यस कार्यालयको email : deo.kavre@election.gov.np तथा ecdeokavre29@gmail.com मा यथाशिघ्र पठाइ दुबै सुचनामा उल्लेखित विषयहरुलाइ देहाय बमोजिम कार्यान्वयन गर्न सहजीकरण र समन्वय गरिदिनुहुन हार्दिक अनुरोध छ।

**सुचना - १ (निर्धारित समयभित्र खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको लागि) गर्नुपर्ने केही प्राबधानहरु:-**

१.निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले ७ दिन भित्र आफुले गरेको खर्चको विवरण सार्वजनिक गर्ने –

| उम्मेदवार पद | कहाँ सार्वजनिक गर्ने | समय सिमा | के के बिषय राख्ने ? | कसले गर्ने |
|---|---|---|---|---|
| पालिका प्रमुख/उपप्रमुख तथा अध्यक्ष उपाध्यक्षका उम्मेदवारले | स्थानीय तहको कार्यालयमा | सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र (२०७९।०५।०७) भित्र | उम्मेदवारको नाम थर ,स्थानीय तह, उम्मेदवार भएको पद, निर्वाचन खर्च सार्वजनिक गरेको मिति | सम्बन्धित उम्मेदवारले |
| वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्यहरुको उम्मेदवारले | वडा कार्यालयमा | | | |

२. सार्वजनिक गरेको विवरण निबेदनको ढाचामा सम्बन्धित उम्मेदवारले जिल्ला निर्वाचन कार्यालयको email- deo.kavre@election.gov.np तथा ecdeokavre29@gmail.com मा पठाइदिने ।

**सुचना - २ (निर्धारित समयभित्र खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको लागि) गर्नुपर्ने केही प्राबधानहरु:-**

| उम्मेदवार पद | के गर्ने | समय सिमा | के के बिषय राख्ने ? | कहाँ पेश गर्ने ? |
|---|---|---|---|---|
| सबै उम्मेदवार हरुले | स्पष्टीकरण पेश गर्ने | सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र (२०७९।०५।०७ भित्र ) | के, कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइलाइ निर्वाचन आयोग ऐन २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो भनी सोही ऐनको सोही दफाको उपदफा ४ बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण पेश गर्ने । | जिल्ला निर्वाचन कार्यालय काभ्रे तथा निर्वाचन आयोग कान्तीपथ काठमाण्डौमा आफै उपस्थित भएर वा आयोगको email- ecn.ppm@election.gov.np मा वा जिल्ला निर्वाचन कार्यालयको email- deo.kavre@election.gov.np तथा ecdeokavre29@gmail.com मा पेश गर्ने । |

जिल्ला निर्वाचन अधिकारी

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"

जिल्ला निर्वाचन कार्यालय, काभ्रेपलाञ्चोक, फोन नं: ०११४९०४८७, मोवाइल नं. ९८५१२०४४८७
फ्याक्स नं. ०११४९०४८७, E mail: ecdeokavre29@gmail.com, deo.kavre@election.gov.np